पाथीभरा याङ्वरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थेचम्बु, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

सुख्खा तथा हावाहुरी चल्ने मौषममा गाउँ-बस्तीमा आगलागिको जोखिम छ भने वनजंगलमा डढेलोको जोखिम छ। बर्षेनी आगलागि तथा डढेलोमा परि धेरै जन-धनको क्षतिहुने भएको हुदाँ, सावधानी अपनाउने हो भने यस्तो जन-धनको क्षती कम गर्न सकिन्छ। अतः यसै जोखिमलाई मध्यनजर गर्दै पाथीभरा याङ्वरक गाउँपालिकाबाट प्रकाशन गरिएको आगलागि हुनै नदिने तथा दुर्घटनाबस आगलागि भैहालेको अवस्थामा बचाउका उपायहरु सहितको जनचेतनामुलक सुचना ।

## आगलागि हुनै नदिऔं

- खाना पकाईसकेपछि आगो, ग्यास चुल्हो, स्टोभ वा हिटर निभाइहालौ ।
- सिलिन्डरको रेगुलेटर, पाइपबाट वा चुल्होबाट ग्यास लिक भएको छ कि छैन भन्ने ख्याल राखौ। ग्यासको गन्ध आएमा बेवास्ता नगरौ र सावधानी अपनाऔं।
- चुरोट, बिडि, तमाखु, सुल्पा, चिलिम आदी धुम्रपान जन्य बस्तुहरु स्वास्थ्यका लागि हानिकारक हुनुका साथै आगलागिको मुख्य कारण पनि हुन् त्यसैले यस्ता बस्तुहरुको नखाऔं। यदि खाइहाले पनि यसलाई आगो राम्रोसंग निभाऔं।
- पुजा कोठा वा अन्य ठाउँमा धुपबत्ती, दियो बाल्दा नजिकै तेल, कागज, कपडा र अन्य छिटै आगो समात्ने (सल्कने) खालका बस्तुहरु नराखौं ।
- बिजुलीका तार, स्विच, प्लग तथा वायरिङ्ग ठीक अवस्थामा छन्/छैनन् नियमित जाँच गरौ। ठीक अवस्थामा नभए आवश्यक मर्मतसम्भार गरौं र सम्भावित जोखिम न्युनिकरण गरौं।
- मल्टीप्लग, पानी तताउने जग, टि.भी., पंखा तथा अन्य विद्युतीय उपकरणहरु काम सकिने वित्तिकै निभाऔं/बन्द गरौं।
- सलाई र लाइटर जस्ता आगो सल्काउने चिज र मट्टितेल, डिजेल, पेट्रोल जस्ता अति प्रज्वलनशिल प्रदार्थहरु बालबालिकाको पहुँच भन्दा टाढा राखौ र वयस्क व्यक्तिहरुले समेत सावधानी पुर्वक प्रयोग गरौं।
- गोठमा, बारीमा वा अन्य ठाउँमा कुढो (गाईबस्तुलाई खुवाउने) पकाइसकेपछि राम्ररी पानी हालेर आगो निभाउने।
- खेतबारीमा, जंगलमा अनावश्यक रुपमा आगो लगाउने, आगो लगाएर छोड्ने काम नगरौं र आफ्नो वरपर पनि कसैलाई नगर्न दिऔं।
- घर तथा कार्यस्थलमा आगो निभाउने उपलब्ध भए सम्मका साधनहरु पूर्व तयारी अवस्थामा राखौ र यन्त्रहरुको प्रयोग विधि समेत जानीराखौं। जस्तैः पानी, एक्स्टिन्गिवसर आदि।

- आगलागिको जोखिममा रहेका घर, बस्ति नजिकै पोखरी, ट्याङ्की वा अन्य कुनै तरिकाले पानीको जोहो गरिराखौ, स्याउला, माटो, बालुवा थुपारेर राखौं। आपतकालीन अवस्थामा छिटो प्रयोग गर्न सकिन्छ र क्षति कम गर्न सकिन्छ।

## सावधानी अपनाउदा अपनाउदै पनि यदि आगलागिको घटना भयो भने के गर्ने ?

- आगो लागेको थाहा पाउने बित्तिकै छरछिमेकलाई खबर गर्ने र सहयोग माग्ने।
- दमकल र प्रहरीलाई खबर गरिहाल्ने।
- पानी, माटो, बालुवा, हरियो स्याउला जे छ त्यहि प्रयोग गर्दै सुरक्षित तरिकाले आगो निभाउन प्रयास गर्ने।
- बालबालिका, सुत्केरी, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकतामा राखि सुरक्षित स्थानमा पुऱ्याउने।
- दमकललाई आगलागि भएको ठाउँसम्म पुग्ने छोटो र सजिलो बाटो बताईदिने।
- आगो निभाउन जादा एकै ठाउमा नउभिने। सबै भन्दा पहिले आफू सुरक्षित हुने र अरुको सुरक्षार्थ खटिने।

पाथीभरा याङ्वरक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थेचम्बु, ताप्लेजुङ